छ दशक पहिले संयुक्त राष्ट्रसंघ महासभाका सदस्य राष्ट्रहरुले मानवअधिकारको विश्वव्यापी घोषणापत्र पारित गरेका हुन् । अहिलेसम्म मानवअधिकारको विश्वव्यापी घोषणापत्र संसारभरका ३०० भन्दाबढि भाषामा प्रकाशित भइसकेको छ र संसारभरिका मानिसहरुले यसको बारेमा थाहा पाएका छन् । यी सामान्य लाग्ने तर गंभीर लक्ष्य र सिद्धान्तहरुले हरेक महिला, पुरुष र बालबालिकालाई समान र मर्यादित व्यवहार गरिने विश्वलाई परिलक्षित गर्दछन् । यसले संसारभर नै मानिसहरुलाइ प्रोत्साहित गरेको छ, आज यहाँ हुनु भएका तपाईंहरु जस्तै कतिपयले आफ्नो जीवनको ठूलो हिस्सा मानवअधिकार कार्यमा समर्पित गरेका छन् ।

तपाईहरु मध्ये धेरैलाई थाहा छ कि, संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयले नेपालको पुर्वाञ्चल क्षेत्रमा विगत तीन बर्षदेखि उपस्थिति जनाउँदै आएको छ । चैत्र २०६२ ( अप्रिल २००६) सालको नाटकीय जनआन्दोलनदेखि लिएर संविधान सभाको चूनावसम्म नेपाली जनताले आफ्नो चाहना शान्ति र स्थायित्व हो भन्ने प्रष्ट पारिसकेका छन् तर विगतका हिंसाका लागि न्याय र जवाफदेहिताको मूल्य तिरेर भने होइन । यो खोकु-छिन्ताङ मानवअधिकार पदयात्रा कार्यक्रम मानवअधिकार, न्याय र जवाफदेहिता शान्ति प्रक्रियाको अभिन्न अंगको रुपमा रहेको कुरालाई जोड़ दिदै सामुहिक रुपमा आवाज वुलन्द गर्न धेरै व्यक्ति तथा विभिन्न संघ संस्थाहरु ( राष्ट्रिय, अंतरराष्ट्रिय, गैरसरकारी संस्थाहरु, पत्रकार, शिक्षक, अधिकारकर्मीहरु, समान्य नागरिकहरु आदि ) ले गरेको सामुहिक प्रयास हो ।

खोकु-छिन्ताङमा ३० वर्ष अघि भएको हत्याकाण्डको अझै पनि सही अनुसंधान गर्न सकिएको छैन र कुनै पनि पीड़कलाई न्यायको कठघरामा उभ्याइएको छैन । तर यो सप्ताहव्यापी कार्यक्रम भने कुनै एक घटनाको वारेमा मात्र होइन । दुःख लाग्दो कुरो के हो भने, खोकु-छिन्ताङ सही अनुसंधान नगरिएका तथा पीडकलाई अभियोजित नगरिएका हजारौं घटना मध्येको एक हो । नेपालमा दण्डहीनता संस्कुतिको आधिपत्यता निरन्तर छ ।

द्वन्द्वपश्चात्को वातावरणमा न्यायको खोजि नगर्नु नै ठिक किनभने अभियोजन वा अन्य कुनै प्रकारको जवाफदेहीताले शान्ति प्रक्रियालाई छिन्नभिन्न पार्न सक्छ भन्ने कुरामा हामी सहमत छैनौं । मानवअधिकार उल्लंघनका लागि अहिले नै जवाफदेहिताको संयत्र स्थापना गरेर, राष्ट्रिय मानवअधिकार आयोग, प्रहरी तथा  सरकारी वकिलका कार्यालयहरु जस्ता मुख्य निकायहरुको स्वतन्त्रालाई बलियो बनाएरमात्र कानुनको शासनमा आधारित शान्तिपुर्ण सरकारको स्थापना गर्न सकिन्छ भन्ने हाम्रो मान्यता हो ।